श्री

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं. २०२

पुनरावेदन नं. ०७४-RB-०१४८

**मुद्दाः-<u>मूल्य अभिबद्धि कर (आ.व.२०७१/०७२)।</u>**

न्यू शुभलक्ष्मी सुर्ती उद्योग सैंबु ललितपुर (स्थाई लेखा नं. ३०१३६०९१९ ) को प्रोपाइटर सुक्रिता न्यौपाने (पोखरेल)........................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

आन्तरिक राजश्व कार्यालय, ललितपुर........................................................१

आन्तरिक राजस्व विभाग ,काठमाडौं.........................................................१ } प्रत्यर्थी

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख कर अधिकृत चण्डी प्रसाद घिमिरे

शुरु निर्णय मिति : २०७३।०४।२३

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थीको तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

पुनरावेदक करदाता न्यू शुभलक्ष्मी सुर्ती उद्योगको हकमा आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७३/०४/२३ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा तोकिएको समयभित्र निर्णय हुन नसकेको भनि आन्तरिक राजस्व विभागलाई सूचना दिई सो उपर राजस्व न्यायाधिकरण

ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. आन्तरिक राजश्व कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री न्यू शुभलक्ष्मी सुर्ती उद्योगको कर परीक्षणको सिलसिलामा आ.व. २०७१/०७२ को कारोवारको पूर्ण कर परीक्षण गरी मिति २०७३।०३।२८ मा स्वीकृत कर लेखापरीक्षण प्रतिवेदन अनुसार करदाताले वास्तविक भन्दा कम बिक्री देखाई करको दायित्व कम गरेको तथा नपाउने करकट्टी दावी गरी अधुरो तथा त्रुटिपूर्ण विवरण पेश गरेको देखिएकोले मिति २०७३।०३।२९ मा थप दस्तुर, व्याज तथा जरीवाना समेत जम्मा रु. ४,७७,६३१।- कायम गरी मू.अ.कर ऐन, २०५२ को दफा २०(१)(ख) तथा दफा २०(१)(घ) अनुसार कर निर्धारण गरी मू.अ.कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम करदातालाई १५ दिनको म्याद दिई आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०७३।०३।२९ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश करदाताले मिति २०७३।०४।०५ मा बुझी लिई सो को जवाफ मिति २०७३।०४।१६ मा पेश गरेको।

३. आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७३।०३।२९ मा जारी गरिएको प्रारम्भिक कर निर्धारणमा उल्लेख भए अनुसार कर रकम रु. २,२४,६४८।००, जरिवाना रु. १,८५,६६३।०० र थप दस्तुर रु. २६,८४३।०० तथा व्याज रु. ४०,३९७।०० समेत गरी जम्मा रु. ४,७७,६३१।०० कायम गरी कर निर्धारण गर्ने भन्ने समेतको व्यहोराको अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७३।०४।२३ मा भएको निर्णय ।

४. मिति २०७३।०४।२३ मा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मूल्य अभिवृद्धि करतर्फ आ.व. २०७१/०७२ को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझी करदाता श्री न्यू शुभलक्ष्मी सुर्ती उद्योगले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७३।०६।११ मा आन्तरिक राजश्व विभाग, काठमाडौं समक्ष निवेदन पेश गरेको ।

५. हामिले पेश गरेको निवेदनमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क. को उपदफा (४) वमोजिम ६० दिनभित्र विभागले निर्णय नदिएको हुँदा यो पुनरावेदन लिई उपस्थित भएका छौं। प्रत्यर्थी कार्यालयबाट जर्ती वापत धुलो सुर्ति ९४३.४२ के.जी.

दावी गरेको भन्ने व्यहोरामा सत्यता नरहेको, करदाताबाट मात्र ६९२.२८ के.जी. धुलो सुर्ति र ३५.३४ के.जी. सुपारी जर्ती दावी गरेको हो, साथै उद्योगले बढी कर कट्टी दावी गरेको छैन। बढी दावी नभएको रकममा जरिवाना, थप दस्तुर र ब्याजसमेत माग गर्न मिल्दैन। मूल्य सूचि भन्दा कम मूल्यमा विक्री गरेको भनी थप विक्री कायम भएको रु.२,६४,७९९।०० को सम्बन्धमा मू.अ.कर ऐन, २०५२ को दफा २०(१) (घ) बमोजिम भएको कर निर्धारण त्रुटिपूर्ण रहेको र उक्त वमोजिम जरिवाना, थप दस्तुर र व्याज समेत नलाग्ने हुँदा मिति २०७३।०४।२३ को अन्तिम कर निर्धारण आदेश समेत बदर गरी सो आदेश वमोजिमको विवादित कर, जरिवाना, थप दस्तुर तथा ब्याज समेतको रकम तिर्न, बुझाउन नपर्ने गरी फैसला गरि पाउँ भन्ने समेत बेहोराको करदाताको तर्फबाट मिति २०७५।०१।२५ मा यस न्यायाधिकरणमा पेश गरेको पुनरावेदन पत्र।

६. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७५।०७।१२ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री तारादेव जोशीले सुर्तीको हकमा के कति प्रतिशत जर्ती (**Unseen Loss**) हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, कर निर्धारणको क्रममा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने काल्पनिक आधार लिएको छ। मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले करदाताले १-१.५% जर्ती **Unseen Loss** भएको कारण उत्पन्न भएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको, करयोग्य पैठारी रकमको जोड जम्मा गर्दा मानवीय त्रुटी भई फरक परेको तथ्यलाई करदाता स्वंमले स्वीकार गरेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

८. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व

कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. करदाताको पहिलो पुनरावेदन जिकिर आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट करदाताले नपाउने जर्ती दावी गरी घटी उत्पादन देखाएको कारणबाट रु.८,५९,५७६।- थप बिक्री कायम गर्ने गरी भएको अन्तिम कर निर्धारण आदेशका सम्बन्धमा रहेको देखिन्छ। आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट प्रस्तुत आ.व.मा दावी गरिएको रकमलाई मान्यता नदिई मूल्य अभिवृद्धि कर निर्धारण गर्ने कार्य कानूनसम्मत नभएको र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को व्यवस्था विपरित भएको हुँदा सो आदेश बदरभागी रहेकोले करदाताले आयविवरणमा पेश गरेको जर्ती रकमलाई मान्यता दिनुपर्ने तथा जर्तीको बराबरको रकमलाई थप बिक्री कायम नगरी मूल्य अभिवृद्धि कायम गर्नुपर्ने भन्ने करदाताको मुख्य पुनरावेदन मागदावी रहेको देखिन्छ। यिनै करदाताले पेश गरेको आर्थिक वर्ष २०७१/०७२ को अन्तशुल्क निर्धारण उपरको लगाउको ०७४-RB-०१४९ को पुनरावेदन पत्रमा विस्तृत विवेचना भई आज यसै इजलासबाट शुरु निर्णय सदर हुने ठहर भई फैसला भइ सकेकोले सोही फैसलामा लिएको आधार समेतबाट सोही विषयमा मूल्य अभिवृद्धि कर तर्फ आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत रहेकोले थप विवेचना गरिरहनु परेन।

१०. करदाताको अर्को पुनरावेदन जिकिर २०७१ श्रावण महिनामा करयोग्य पैठारी रकमको जोड जम्मामा फरक पारी वास्तविक पाउनेभन्दा बढी करकट्टी दावी गरेको भनी शुरु कार्यालयबाट मूल्य अभिवृद्धि कर रु.४८,७३१।- रकम करकट्टी अमान्य गर्ने गरी भएको अन्तिम कर निर्धारण आदेशका सम्बन्धमा रहेको देखिन्छ। आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको कर परीक्षणको क्रममा करदाताको २०७१ को श्रावण महिनामा करयोग्य पैठारी रकम रु.२०,६४,७४६।- देखिएकोमा करदाताले उक्त समयसम्मको विवरण पेश गर्दा करयोग्य पैठारी रकम रु.२४,३९,५९४।- समावेश गरेको देखिन्छ। यसरी करदाताले वास्तविक करयोग्य पैठारी रकमभन्दा रु.३,७४,९२८।- रकम बढी दावी गरेको कारण सो फरक रकममा लाग्ने मूल्य अभिवृद्धि कर रु.४८,७३१।- हुन आउने देखिन्छ। यस सम्बन्धमा करदाताले आन्तरिक राजस्व कार्यालय, ललितपुरमा लिखित जवाफ पेश गर्दा मानवीय त्रुटिको कारण रकममा फरक पर्न गएको हुँदा उक्त फरक रकमलाई पछि मिलान गरिने भनी फरक पर्न गएको तथ्यलाई स्वीकार समेत गरेको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) को खण्ड (घ) मा करको रकम कम देखाएको स्थितिमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था रहे भएको देखियो। आन्तरिक

राजस्व कार्यालयबाट करदारताको हकमा पूर्ण कर परीक्षण समेत भैसकेको अवस्थामा पछि गल्ती सुधार गर्ने भन्ने व्यहोराको करदाताको जवाफलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० मा रहेको कानूनी व्यवस्था अनुकूल मान्न सकिने नदेखिँदा प्रस्तुत विवादका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट करदाताले पाउने भन्दा बढी रकम करकट्टी दावी गरेको कारण रु.४८,७३१।- करकट्टी दावी अमान्य गर्ने गरी भएको अन्तिम कर निर्धारण आदेश मिलेकै देखिन्छ।

११. पुनरावेदक करदाताले पुनरावेदन पत्रमा लिएको अन्तिम पुनरावेदन जिकिर आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट अन्तिम कर निर्धारण आदेशको क्रममा करदाताले यस आ.व.मा प्रकाशित मूल्य सूचीभन्दा कम मूल्यमा विक्री गरेको कारणले कम भएको रु.२,६४,७९९।- लाई थप विक्री कायम गर्ने भनी लिएको आधार कारण कानूनसम्मत नभएको भनी उल्लेख गरेको देखिन्छ। पुनरावेदक करदाताले जर्तीका कारणबाट हिसाव फरक पर्न गएको हुँदा उल्लिखित अवस्था आएको भन्ने व्यहोरा आन्तरिक राजस्व कार्यालय समक्ष लिखित जवाफ पेश गर्ने क्रममा उल्लेख गरेको देखिन्छ। आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट करदाताको पूर्ण कर परीक्षणको सिलसिलामा करदाताले मूल्य सूची प्रकाशित गरी कायम गरेको मूल्यको आधारमा हुनुपर्ने विक्री रकम रु. ३,६२,५८,४०९।- रहेको देखिन्छ तर करदाताले आन्तरिक राजस्व कार्यालय समक्ष पेश गरेको आयकर विवरणमा विक्री रकम रु.३,५९,९३,६१०।- समावेश गरी आयकरतर्फ रु.२,६४,७९९।- रकम कम समावेश गरेको देखिन्छ। करदाताले यस विषयमा जर्तीको कारणबाट फरक पर्न गएको भन्ने जिकिर लिएको भएपनि लगाउको अन्तशुल्क मुद्दाबाट जर्ती तर्फको जिकिर पुग्न नसक्ने गरी आज यसै इजलासबाट फैसला भइसकेको हुँदा प्रस्तुत मुद्दामा लिएको उक्त जिकिर समेत कानूनसम्मत नहुँदा सुरु निर्णय मिलेकै देखिन्छ।

१२. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता न्यू शुभलक्ष्मी सुर्ती उद्योग (स्थायी लेखा नं ३०१३६०९१९) को आ.व. २०७१।०७२ को मूल्य अभिवृद्धि करतर्फ आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७३।०४।२३ मा अन्तिम कर निर्धारण गरेको आदेश मिलेकै देखिदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु ।

**<u>तपसिल खण्ड</u>**

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल फागुन २१ गते रोज १ शुभम् ------------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-
राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप